हरेक खबर, विशेष खबर

जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७

राष्ट्रिय दैनिक

# लहानपोस्ट

LAHANPOST DAILY

वर्ष : ०१ अंक : ५७ पृष्ठ : ४ २०७७ भदौ २५ गते बिहीबार (Thursday 10 September 2020) www.lahanpost.com मूल्य रु. ५।-

FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

ADMISSION OPEN
For Grade
XI & XII
Science & Management
LAHAN PARAGON PUBLIC SCHOOL
Hospital Chowk Lahan, Siraha
Contact : Principal 9852830551

*तराई मधेसमा जितिया पर्व सुरु*

# जितिया पर्व श्रद्धा र भक्तिपूर्वक मनाइँदै



फाईल फोटो

**लहान ।** तराई क्षेत्रमा जितीया पर्व सुरू भएको छ । तराईमा यस्ता धेरै पर्व छन्, जसको आ–आफ्नै विशेषता र महत्व छ । त्यस्तै पर्व मध्ये एक हो जितीया । यसलाई तराईको महान पर्व पनि भनिन्छ । यो पर्व तराईबासीहरूको लागि धेरै महत्वपूर्ण र विशेष छ । छठ जस्तै जितिया पर्वलाई पनि तराईबासीहरूले श्रद्धा र भक्तिले मनाउने गर्छन् ।

जितीया पर्व पनि छठ जस्तै तीनदिन सम्म चल्छ । तराईबासी महिलाको जितिया पर्व निष्ठापूर्वक ब्रत बसी मनाइदैंछ । विवाहित नारीले दुःख, जोखिम, विपद र दुर्घटनाबाट छोराछोरीको रक्षा होस् भन्ने कामनाका साथ ब्रत बस्ने चलन छ । पर्व विपद् तथा सन्तान रक्षाका लागि मनाइने किंवदन्ति छ । विशेषगरी थारू समुदायले मनाउने गरे पनि पछिल्लो समय तराईका अन्य समुदायले पनि यो पर्व मनाउने गर्दछन् । निष्ठा, नियम र विधिमा जोड दिइने यो पर्वले आमा र सन्तानबीचको गाढा सम्बन्धलाई समेत दर्शाउने गर्छ । धार्मिक कथाअनुरूप यस पर्वमा सूर्यपुत्र जितमहानको पूजा गर्दै उपवास बसिन्छ । व्रतालुले उनलाई संकट मोचक एवं सफलताको प्रतीकका रूपमा लिन्छन् । पूजा विधिअनुसार

बाँकी ३ पेजमा

# विद्यालयबाट कम्प्युटर चोरी

**लहान ।** सिरहाको कल्याणपुर नगरपालिका–१ स्थित लक्षण मण्डल जनता प्राविधिक माध्यमिक विद्यालयबाट कम्प्युटर चोरी भएको छ ।

मंगलबार मध्यरातमा विद्यालयको ताला फोडेर एकथान डेस्कटप, एकथान मोनिटर र दुई थान सीसी क्यामेराको हार्डडिस्क चोरी भएको विद्यालयका शिक्षक उग्रदेव मण्डलले जानकारी दिए । उनका अनुसार जुन कोठाबाट डेस्कटप, मोनिटर र हार्डडिस्क चोरी भयो, उक्त कोठामा २२ थान कम्प्युटर सेट थियो ।

**भित्री पृष्ठमा**

**जितिया पर्व र यसको महत्व**

पेज २ मा

**स्थानीय तहमा नागरिक संलग्नता देखावटी मात्र कि साँच्चिकैं ?**

स्तम्भ : पालिका बहस

पेज ४ मा

**श्री पशुपति आर्दश मा.वि.**

लहान मटियर्वा–७, सिरहा

**भर्ना सम्बन्धी सूचना**

**कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विधालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !**

**संकायहरू**

१) विज्ञान संकाय २) बाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी

- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।

समय : विहान ६:०० – १२:०० बजे सम्म

**सम्पर्क नं.**

प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९
श्री प.आ.मा.वि. लहान ☎०३३–५६०२१३

# सिरहा कारागारका ५९ कैदीबन्दी कोरोना संक्रमित

**लहान ।** सिरहामा ६७ जनामा बुधबार कोरोना संक्रमण पुष्टि भएको छ । संक्रमण पुष्टि भएका मध्ये ५९ जना सिरहा कारागारका कैदी बन्दी छन भने ७ जना नेपाली सेना र एक मिर्चैया नगरपालिकाका छन् ।

उनीहरूको पीसीआर रिर्पोट पोजेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले जानकारी दिए । पछिल्लो ३ दिनमा सिरहामा १४२ जनामा कोरोना संक्रमण देखिएको छ ।

योसँगै सिरहामा सक्रिय संक्रमित २६५ पुगेको छ । हालसम्म ३५५ जना निको भएर घर फर्किसकेका छन् । १० जनाको कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

बाँकी ३ पेजमा

# बिपी जयन्तीमा वृक्षरोपण र रक्तदान







**लहान ।** महामानव विश्वेश्वर प्रसाद कोइरालाको जन्म जयन्तीका अवसरमा सिरहामा बुधबार वृक्षरोपण र रक्तदान कार्यक्रम गरि मनाइएको छ । नेपाल विद्यार्थी संघले लहान नगरपालिका–१५ स्थित पर्यटकीय स्थल हाथि दहमा वृक्षरोपण कार्यक्रम गरेको छ ।

सांसद एवं कांग्रेस नेता पदम नारायण चौधरीको प्रमुख आतिथ्यतामा हाथि दहमा वृक्षरोपण गरि बिपी जयन्ती मनाइएको हो । त्यसैगरि कांग्रेस लहान नगरसमितिको कार्यालयमा रक्तदान कार्यक्रम गरि बिपी जयन्ती मनाइएको हो । कांग्रेस सिरहा जिल्ला कार्यसमितिका सभापति रामचन्द्र यादवको प्रमुख आतिथ्यतामा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा ५५ जनाले रक्तदान गरेका छन् ।




**फ्रेन्डस मोडल हसिपटल, लहान-३**

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरू**

NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरू**

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## कसले सुन्ने दुर्गमको कहर ?

वास्तवमा कुनै पनि वस्तु वा व्यक्तिको आकार, चरित्र र विशेषतामा आउने परिवर्तनलाई नै विकास भनिन्छ । सार्वभौमतः यो अघिल्लो भन्दा गुणात्मक रूपमा नै फरक हुन्छ अर्थात् वस्तु वा व्यक्तिको बढ्ने र परिवर्तन हुने प्रक्रिया नै विकास हो । यो एउटा विशेषताको घटना र परिस्थितिबाट अर्को विशेषतामा रूपान्तरण हुने आन्दोलनको प्रक्रिया हो । यसले पुरानो विशेषता, बुझाइ र मनोविज्ञानलाई पनि रूपान्तरण गर्छ । यसमा भौतिक पूर्वाधार विकास, आर्थिक विकास, सामाजिक विकास, सांस्कृतिक विकास, भाषिक विकास, बौद्धिक विकास, चिन्तन विकास अनि मनोवैज्ञानिक विकास जस्ता समग्र विकासका विविध पक्षहरू अन्तरनिहित हुन्छ । यसैको सपाट र सग्लो रूप नै विकास हो ।

समाजको समानुपातिक र सर्वाङ्गीण विकासविना सबै वर्ग, जाति, क्षेत्र र लिङ्गको समग्र र समान विकास सम्भव हुँदैन । विकासको समान पँहुचविना समानता र न्याय सुनिश्चित हुँदैन । साधारण भाषामा भन्नु पर्दा विकास भनेको मानिसलाई छनौटको अवसर बढीभन्दा बढी दिलाउने प्रक्रिया हो । यसले मानिसको जिवनलाई सरल र सहज बनाउँदै जान्छ । अर्को भाषामा बुझ्नु पर्दा विकास सामाजिक जिवनमा देखिने सकारात्मक पविवर्तन हो । उदाहरणको लागि यहाँ छोराछोरी पढाउनको लागि कम संख्यामा गुणस्तरीय विद्यालय छन् भने यहाँ शिक्षा क्षेत्रमा राम्रो विकास भएको छ भन्न सकिन्न । त्यसैले विकास एउटा बहुआयामिक पक्ष पनि हो ।

तर सुगम जिल्ला सिरहाको उत्तरवर्ती चुरे क्षेत्रका तीन दर्जन भन्दा बढी बस्तीका वासिन्दा जग्गाको लगत कट्टा नहुँदा उदयपुरको रिश्कु र पञ्चावती पुगेर मालपोत रकम तिर्न बाध्य छन् । उदयपुर जिल्लामा जग्गाको लगत कायम भएकैं कारण धितो राखेर बैंकिङ्ग कारोबारबाट समेत उनीहरु वञ्चित छन् । उत्तरवर्ती विकट चुरे क्षेत्रमा सर्रेअम्बास, चट्टान, मैनामैनी, चकमके, हात्तीढुंगा, खुट्टि, मड्यान, भसुवा, भमरे, रुम्जाटार, बरदमार, आरिदमार, मैनाटार लगायत तीन दर्जनभन्दा बढी बस्ती छन् । पहिला उदयपुरको रिश्कु गाविस–३ र पञ्चावतीको ९ नम्बर वडा रहेको ती क्षेत्र सरकारले २०३२ मंसिर ७ गते राजपत्र प्रकाशन गरि सिरहामा गाँभेको थियो । सिरहामा गाँभेपनि जग्गा धनीपुर्जाको लागत कट्टा गरि नपठाएकैं कारण स्थानीय पाँच घन्टा पैदल हिडेर बर्सेनी तिरो तिर्न बाध्य छन् । गाविसदेखि नगरपालिका भैसक्दा जनप्रतिनिधि, मालपोत हाकिमदेखि सिडिओसम्मलाई जग्गाको लागत्त सिरहातर्फ ल्याईदिन आग्रह गरेपनि कुनै सुनुवाइ नभएको ती भेगका जनताको द्:खेसो छ ।

अर्कोतर्फ जिल्लाको उत्तरवर्ती विकट चुरे क्षेत्रका ती बस्ती धनगढीमाई र लहान नगरपालिकामा परिणत भइसकेपनि बाटघाटो, खानेपानी, बिजुली, सञ्चारमात्र होइन आधारभूत स्वास्थ्य सेवाबाट समेत वञ्चित छन् । धेरैजसो खोलानाला पर्ने ती वडा वर्षायाममा तीन महिन बजारसँग सम्बन्धविच्छेद हुन्छ ।

विकास पूर्वाधारमा पछाडि ती गाउू छूदैछन् वडावासीसूग भावनात्मक सम्बन्धसमेत विकट भएकैं कारण हुन नपाएको स्थानीयले सुनाए । सर्रेअम्बासबाट मड्यान गाउू पुग्न तीन घन्टा पैदल हिंडनुपर्ने भएकाले पनि भावनात्मक सम्बन्ध हुन गाह्रो भएको छ । अधिकांश मकै, कोदो उब्जनी गरी ती वडाबासी गुजारा चलाउँछन् । केही समथर स्थानमा मात्रै धान खेती हुन्छ । धनगढीमाई र लहान नगरपालिकामा पर्ने ती वडामा माध्यमिक विद्यालय समेत छैन । जसका कारण बालबालिका चार घन्टा पैंदल हिंडेर माध्यमिक शिक्षा लिन बाध्य छन् । विकट चुरे क्षेत्र मड्यान, चट्टान, लगायत एक दर्जन गाउँका वासिन्दा खोलाको पानी पीउन बाध्य छन् । खोलामा बाढी आउँदा धमिलो पानी पिउँन बाध्य हुन्छन् । धनगढीमाई र लहान नगरपालिका भएपनि ती वडाका गाउँहरु रातमा उज्यालोका लागि 'टुकी' कै भरमा छन् । तसर्थ विकासलाई नीतिगत बनाउनुपर्दछ । कसैको निगाह भयो भने विकास हुने, कसैले उपेक्षा गऱ्यो भने विकास नहुने अवस्था छ । कहाँ के विकास गर्ने भन्ने हाम्रो एकीकृत योजना छैन । त्यसैले स्थानीय सरकारले दुर्गम भेगका जनताको दु :ख बुझेर विकासमा जोड दिनुपर्ने आवश्यकता छ ।

# जितिया पर्व र यसको महत्व



तिलकुमारी शर्मा



धुमधामसँग मनाइने जितिया पर्वको बारेमा यहाँ उल्लेख गर्न सान्दर्भिक होला भन्ने ठानेकी छु । के हो जितिया पर्व ?आमाले आफ्ना सन्तानको मंगलमय कामना गर्दै लिइने ब्रतलाई नै जितिया पर्व वा ब्रत भनिन्छ । जितियालाई जीवितपुत्री, जिउतिया वा जिमुतवाहनको नामले पनि चिनिन्छ ।

**जितिया पर्वको महत्व**

यस ब्रतमा पूरा दिन रात पानी समेत पिउनु हुँदैन । मुखमा आएको थुकसम्म निल्नु हुँदैन भन्ने चलन छ । विवाहित नारीले सन्तान सुख र प्राप्तिकालागि तथा सन्तानका आमाले सन्तानको रक्षाकालागि यो ब्रत लिने गर्छन् । सन्तानको सुरक्षाका लागि यो ब्रतको महत्व सबैभन्दा बढी भएको कथाहरूमा उल्लेख भएको पाइन्छ । यो ब्रत वा पर्वलाई तीन दिनसम्म मनाइन्छ । असोज कृष्ण पक्षको सप्तमी तिथिदेखी नवमी तिथिसम्म तीनदिन मनाउने गरिन्छ । तिनै दिनका विधि अलग अलग छन् । खासगरी मधेसी र थारू महिलाले मनाउने यो पर्व भारत तथा नेपालमा निकै महत्वका साथ मनाइन्छ । इच्छा भए अन्य जातजातिका महिलाले पनि यो पर्व मनाउन सक्छन् ।

**पहिलो दिन**

सासुको देहावसान भएकी बुहारीले पहिलो दिन नुहाउने र चिसै कपडामा आफ्ना दिवङ्गत पितृका नाममा घिरौंलाको पातमा खरी (पिना), तेल, सिन्दुर हालेर चढाउनुपर्छ । जिमुतवाहन, चील सियारिन, सासु तथा अन्य महिला पितृहरूका नाममा चढाइन्छ । संभव भए खोला, नदी तलाउमा, संभव नभए आफ्नै घरको पानीको श्रोत भएको ठाउँ जस्तै धारा, ट्यूवेल,इनार आदिको छेउमा थाल वा आरीमा पानी राखी घिरौंलाको पातमा माथी उल्लेखित सामाग्री चढाइन्छ । अगरबत्ती देखाएर त्यसलाई विसर्जन गरिन्छ । सासु हुनेले विहानको यो विधी गर्नु पर्दैन । सोही दिन दिउँसो माछा खानेले माछा र माछा नखानेले कोदोको रोटी वा कोदोको परिकार नुनियाको साँग र झिगनीको सब्जीसँग खान्छन् । त्यसदिन रातीसम्म खान सकिन्छ । कसैले अष्टमी लाग्नु अगाडि दर खाने पनि गर्दछन् । अष्टमी लागेपछि भने मुखमा केही पनि लगाउन हुन्न ।

दोस्रो दिन अर्थात् अष्टमी तिथिका दिन विहान नुहाएर बेलपत्र, फूल, जल आदी चढाएर अगरबत्ती देखाउने र दिनभर निर्जला ब्रत बस्नुपर्छ । बेलुकापख कसैले फलफूल, मिठाइका परिकारले डाली भर्ने गर्छन् । डालीलाई रातो कपडाले बाँधेर मानको (पिंडालुको जस्तै)पातले छोप्ने प्रचलन छ । कसैले थालमा पनि राख्ने गर्छन् । सक्नेले सुनको जितियाको प्रतिमा बनाउँछन् भने नसक्नेले धागोको पनि बनाएर डालामा वा थालमा राख्छन् । डालो भर्ने वा थालमा राख्ने भन्ने कुरा चाहिँ आफ्नो संस्कार र आर्थिकमा भर पर्दछ । त्यसपछि जितवाहन भगवानको ब्रत कथा सुनिन्छ । कथा श्रवणपछि स्वयम् ब्रत बसेका महिलाले डाली वा थालमा राखेको जितियाको प्रतिमा लगाउँछन् । कोही मन्दिर वा इष्टमित्रकहाँ गएर कथा सुन्छन् भने कतिपय आफ्नै घरमा पनि कथा पढ्ने र सुन्ने गर्छन् । खासगरी अष्टमी तिथिको प्रदोश कालमा धुमधामसँग मनाइन्छ यो पर्व ।

तेस्रो तथा अन्तिम दिन जसलाई पारण गर्ने र ब्रत पूरा गर्ने दिनको रूपमा चिनिन्छ । नवमीका दिन कतिबेला साइत छ त्यतिबेला नुहाएर अनि लिपपोत गरेको ठाउँमा डालो वा थाल राख्छन् । चना केराउ, खिर, यदि मिठाइका परिकार बनाएका भए ति परिकार, दही, चिउरा आदि आफ्नो आर्थिक अवस्था र रीतिरिवाज अनुसारका परिकारहरू घिरौंलाको पातमा चढाउनुपर्छ । कसैले खीर चना मात्र पनि चढाउँछन् । चढाउने काम सकेपछि छोराले त्यो डालो उघार्छन् । यसलाई पारण गर्ने भनिन्छ । पूजापाठ सकेपछि प्रसाद खाने चलन छ । जसलाई पारण भनिन्छ ।यसरी जितियाको तीन दिने ब्रत पूरा गर्ने चलन छ । जितिया तिजको ब्रतसँग मिल्दोजुल्दो देखिन्छ । तीज श्रीमानसँग जोडेर लिइन्छ भने जितिया सन्तानसँग । पहिला पहिला तिजमा पनि २४ घण्टा निर्जला ब्रत बस्ने चलन थियो । आजकाल तिजमा आफ्नो स्वास्थ्यको ख्याल गर्दै नून र अन्न बाहेकका खानेकुरा खाएर ब्रत बस्ने चलन भएको छ । तर जितियामा यसरी खान हुँदैन भन्ने मान्यता छ ।

पहिला पहिला यो ब्रत छोराको लागि लिइन्थ्यो भने अब छोरी हुनेले पनि लिन थालेका छन् । अब सन्तानकालागि भन्न थालिएको छ । सन्तानको सुरक्षाका लागि यो ब्रतको महत्व सबैभन्दा बढी भएको ब्रत कथाको महत्वमा दर्साएको पाइन्छ । जितवाहन ब्रत कथामा यस्तो उल्लेख गरेको पाइन्छ ।

कतिपय कथा महाभारत सँग सम्बन्धित छन् त कतिपय पौराणिक कालसँग सम्बन्धित छन् ।

***पहिलो कथा***

**जीवितपुत्री वा जिउतिया वा जिमुतवाहनको कथा**

पौराणिक कालमा गन्धर्वका राजकुमारको नाम जिमुतवाहन थियो । उनी ज्यादै सभ्य,उद्धार र परोपकारी हृदयका थिए । उनका पिताले वृद्धावस्थामा बालवृष्ट आश्रममा जाँदा यिनलाई सिंहासनमा बसाए । तर उनलाई राजपाठमा मन लागेन । राज्यको भार आफ्ना भाइहरूको जिम्मा लगाएर पिताको सेवा गर्न वन गए । उतै मलायवती नामकी राजकन्यासँग विवाह भयो । एकदिन वनमा भ्रमण गर्ने क्रममा जिमुतवाहन धेरै अगाडि गए । त्यहाँ रूदै गरेकी एक वृद्धालाई भेटे र रूनुको कारण सोधे । वृद्धाले आफू रूनुको कारण यसरी बताइन् 'म नाग वंशकी स्त्री हुँ । मेरो एउटा मात्र छोरो छ शंकरचुर्ण । पंक्षीका राजा गरूडलाई प्रत्येक दिन एउटा सर्प सुम्पिनु पर्छ । आज मेरो छोराको पालो परेको छ । यसैकारण रोएकी हुँ ।' वृद्धाको कुराले जिमुतवाहन ब्याकुल बने । उनले ति वृद्धालाई आश्वस्त पार्दै भने 'नडराउ म तिम्रो छोराको प्राणको रक्षा गर्छु ।' यति भनेर ति वृद्धाको हातबाट रातो कपडा लिएर त्यसमा आफूलाई बेरेर गरूडलाई बली दिनका लागि बन्दशिलामा सुते । समय हुनासाथ गरूड आए र कपडा सहित जिमुतवाहनको शरीर आफ्नो खुट्टाले समाएर पहाडको शिखरमा लगेर बसे । आफूले पक्रिएको प्राणीको आँखाबाट आँसु र मुखबाट आवाज नआएपछि गरूड बडो आश्चर्यमा परे । सो प्राणीसँग परिचय मागे । जिमुतवाहनले आफुले यसो गर्नुको कारण बताए । गरूडजी उनको बहादुरी र दोस्रोको प्राण रक्षा गर्नकालागि स्वयंको बलिदानी गर्न लागेकाले उनको हिम्मतको कदर र प्रशंसा गर्दै प्रसन्न भएर गरूडजीले उनलाई जीवनदान दिए । साथै अबदेखि नागले बली दिनु नपर्ने पनि बचन दिए । यसरी जिमुतवाहनको शाहसले नाग जातीको रक्षा भयो । त्यसै समयदेखि आफ्ना पुत्रको रक्षाकालागि जिमुतवाहनको पूजाको प्रथा शुरू भयो ।

**दोस्रो कथा चील र सियारिनको**

समुन्द्रको नजिक नर्वदा नदीको किनारमा कंचरवटी नामको एउटा नगर थियो । त्यस नगरका राजाको नाम मलायाकेतु थियो । नर्वदा नदीदेखि पश्चिम एउटा मरूभूमि जमिन थियो । जसलाई वालुहट नामले चिनिन्थ्यो । त्यहाँ एउटा पाकरको ठूलो रूख थियो । त्यो रूखको हाँगामा एउटा चिल र फेदमा स्याल बस्दथ्यो । यी चिल र स्याल दुवै एकअर्काका घनिष्ट मित्र थिए । एकदिन उनीहरूले वनमा महिलाहरूले जीवितपुत्रीको ब्रत बसेर पूजा गर्दै गरेको देखे । उनीहरूले पनि सामान्य महिलाले जस्तै माता शालिबहिनकी पुत्र भगवान्

बाँकी ३ पेजमा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

सिरहा नगरपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा

# बलान नदीमा झोलुंगे पुलको शिलान्यास



लहान । सिरहा र सप्तरीको सीमा जोडिएको बलान नदीमा झोलुंगे पुल निर्माण हुने भएको छ । स्वीस बैंक र नेपाल सरकारको साझेदारीमा करिब ३ करोड रूपैयाँ लागतमा २ सय ७२ मिटर लम्बाईको झोलुंगे पुल निर्माण गर्न लागिएको हो । भगवानपुर गाउँपालिकाका प्रमुख बेचन यादव र बलान बिहुल गाउँपालिका प्रमुख दयानन्द गोइतले बुधबार संयुक्त रूपमा पुलको शिलान्यस गरेका छन् । बन्न लागेको पुल सप्तरीतर्फ बलान विहुल गाउँपालिका–३ मा पर्ने दुधैला घाट र सिरहातर्फ भगवानपुर गाउँपालिकाको सिनुरीयाघाटमा जोडिन्छ । बलान नदीमा आउने बाढीले वर्षायाममा सिरहा र सप्तरीबीचको सम्पर्क विच्छेद हुन्थ्यो ।

## तराई मधेशमा...

पहिलो दिन ब्रतालुले नदी, पोखरी वा इनारमा रातो माटो र पिनाले नुहाएर चोखिएपछि घिरौंलाको पातमा घिरौंलाको फूल, माटो र पिना चढाएर पुजा गर्छन् । 'नहाय खाय' अर्थात नुहाएर खाना खाएपछि यो पर्व सुरू हुन्छ । अन्य पर्व त्योहारको पूर्व सन्ध्यामा चोखो खाने चलन भएपनि जितिया पर्वको पूर्व सन्ध्यामा माछा र कोदोको रोटी खाने चलन छर । जसलाई मधेसमा 'माछमरूवा' भनिन्छ ।

दोस्रो दिन झिसेमिसे बिहानीमा घरभित्रै सूर्यपुत्रलाई उही रीतले पूजा गर्दै फलफूल, मिष्ठान्न, खीर र पुरीको भोग लगाएर ब्रत बस्छन् । तेस्रो दिन विहान सूर्योदयसँगै घर–आँगन लिपपोत गरि चोख्याएर स्नान गर्न जाँदा सम्पूर्ण पुजन सामग्री नदीमा बगाउने चलन छ । बिहान सूर्य उदय हुनुपूर्व व्रतालु महिला 'अंगुठन' गर्छन । बिहान घिरौलाको पातमा च्युरा दही, केला, अमोट (आँपको रसबाट बनाएको परिकार) आदि प्रसाद चढाई सपरिवार प्रसाद ग्रहण गर्छन् । पितृपक्षमा हुने यस पर्वमा व्रतालु महिला आ–आफ्ना स्वर्गीय आमा, सासुलगायतका महिला पितृलाई नैवेद्य चढाउँछन् । पूर्ण रूपले उपवास बसेकी व्रतालुले घर फर्केर आँगनमा उसैगरी विधिवत् पूजा गरेपछि अन्न ग्रहण गरेपछि यो पर्व सकिन्छ । दुई दिनको निराहार उपवासका क्रममा व्रतालुहरु आफ्नो मुखले सिन्कोसम्म टोक्नु हुन्न भन्ने जनविश्वास छ । भूलबस सिन्को टोकियो वा मुखबाट पानी पनि आयो भन्ने व्रतालु आजीवन ब्रत बस्न पाउँदैनन् । सन्तानको दीर्घायु तथा सुख समृद्धिका लागि गरिने यस पर्वको मिथिलामा विशेष महत्व छ । ठूलो दुर्घटना वा कुनै विपदबाट जोगिएपछि यहाँ भन्ने गर्छन्, 'तोहर माय खर जितिया कैने छलौ तें बाँची गेले' अर्थात् 'तिम्रो आमाले जितिया गरेका कारण तिम्रो ज्यान जोगियो ।'

## जितिया...

जिमुतवाहन र जितियाको पूजा गर्ने उद्देश्यले ब्रत बसे । संयोगवश त्यसै दिन त्यस नगरका सबै भन्दा ठूला व्यापारीका छोराको मृत्यु । त्यसै मरूभूमिमा अन्तिम संस्कार गरे । स्यालले मुर्दा देखेर आफ्नो भोकलाई रोक्न सकेन । उसले त्यो मुर्दा खायो । चिलले रोक्दा पनि ऊ रोकिएन, मुर्दा खाएरै छाड्यो । चिलले निष्ठापूर्वक अन्य महिलाले जस्तै विधि विधानले ब्रत पूरा गरिन् । अर्को जन्ममा ब्राम्हण परिवारका भाष्करका घरमा चील जेठी दिदी र स्याल कान्छी बहिनीका रूपमा जन्मिए । दिदीको नाम शिलवती र बहिनीको कपुरावती राखियो । शिलवतीको विवाह बुद्धीसेनसँग र कपुरावतीको विवाह त्यसै नगरका राजा मलायकेतुसँग भयो । उनी कंचरवटी नगरकी रानी भइन् । समय बित्दै जाँदा भगवान जिमुतवाहनको आशिर्वादले शीलवतीका ७ वटा छोरा भए । तर कपुरावतीको बच्चा जन्मँदै मर्दै गरे । समय बित्दै जाँदा शीलवतीका छोराहरु ठूला भए र जागिरको खोजी गर्दा उसै राजदरबारमा नोकरी पाए । ति ७ जना युवकलाई देखेर कपुरावती ईर्ष्याले जल्न लागिन् र मार्ने योजना बनाइन् । आफ्नो योजनामा राजालाई पनि सामेल गरिन् । योजना अनुसार सातै जनाको शीर काटेर भाँडामा राखी रातो कपडाले बेरेर शीलवतीका घरमा पठाइयो । जुन कुरा भगवान् जिमुतवाहनले थाहा पाए । झटपट उनले माटोको शीर बनाइ काटेको शरीरमा जोडी अमृत छर्किए । सातै जना युवक जिउँदा भएर घर फर्किए । उता सातै युवाका पत्नीहरु आफ्नो पतिको शीर राखिएको भाँडा हातमा लिए । भगवान जिमुतवाहनको आशिर्वादले सबै शीरहरू फलमा परिणत भए । युवकहरु पनि घरमा पुगे ।

यता कपुरावती दिदीको घरको खबर सुन्न आतुर थिइन् । शीलवती र सातै बुहारीको रोएको आवाज सुन्न व्याकुल थिइन । तर कुनै पनि आवाज नआएपछि रानी कपुरावतीले दासीलाई पठाइन् । दासी फर्केर आइन् र त्यहाँ रूवावासी होइन सातै छोराहरूका साथमा हाँसीखुशी मनाएको कुरा सुनाइन् । यति सुनेपछि उनलाई राजामाथि शंका लाग्यो । राजालाई उनले सोधिन् । रानीले भनेजस्तै गरेको र आफूले कुनै धोका नदिएको आश्वस्त पार्दै राजाले भने, 'यस्तो लाग्छ कि त्यस परिवारमा भगवानको आशिर्वाद छ । त्यसैले सबै बचे ।' कपुरावती स्वयं गइन् र सारा बृतान्त दिदीलाई सुनाइन् र कसरी बाँचे भन्ने कुरा सोधखोज गरिन् । आफ्नो तपस्याका कारण शीलवतीलाई अघिल्लो जन्मका सारा कुरा याद आए । त्यसपछि शीलवतीले कपुरावतीलाई त्यस रूखको छेउमा लगिन जुन रूखमा उनीहरू पूर्वजन्ममा बस्थे । त्यसपछि उनले अघिल्लो जन्ममा गरेका सबै कुरा बताइन् । यो सुनेर कपुरावती बेहोस भएर ढलिन् र त्यहीं मरिन् । राजाले कपुरावतीको त्यहीं अन्तिम संस्कार गरिदिए ।

शीलबतीले बढो श्रद्धा र निष्ठाका साथ जितियाको ब्रत बसिन् । ब्रतको प्रभावले सात वटा पुत्र भए र छोराहरू संकटबाट पनि मुक्ति पाए । कपुरावतीले लिएको ब्रत पनि तोडिन् । फलस्वरूप कपुरावती नि:सन्तान् भै पाप र जालझेल गर्दै मर्नु पर्यो । यिनै कथालाई आधार मान्दै र विश्वास गर्दै जितिया पर्व प्रत्येक वर्ष महिमाका साथ मनाइन्छ । ***खबर पुर्वाञ्चलबाट***

## सिरहा...

स्वास्थ्य कार्यालयका अनुसार समुदाय स्तरमै कोरोना फैलिसकेको अवस्था छ । संक्रमित थपिँदै गएपछि आइसोलेसन बेडको अभाव हुने देखिएको छ । सिरहामा २०५ बेडको आइसोलेसन छ । छपराडी अस्पतालमा ५०, जिल्ला अस्पतालमा ५० र चमावि सिरहामा १०५ बेड छन् ।

जोखिममा रहेका व्यक्तिहरू नै पीसीआर जाँच गराउन नमानिरहेको स्वास्थ्य कार्यालयले जनाएको छ ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**भगवानपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

**औरही गाउँपालिका कार्यालय, सिरहा**

## इन्द्रेणी

*सात रंग, सात दिन, हरेक दिन नयाँ कहानी ।*

*आजको इन्द्रेणीमा ...*

# बाँसले धानेको जीवन कथा



फाईल फोटो

घेराबेरादेखि घर निर्माण र अन्न निफन्न नाङ्लो, चाल्नो, ढकी, डोको, टोकरी लगायत उब्जनी थन्काउन भकारो बनाउन समेत तराई मधेसमा बाँसको प्रयोग गरिन्छ । यहाँका हरेक किसानका घरमा अत्यधिक प्रयोगमा आउने बाँसजन्य सामग्री हुन ।

पछिल्लो पटक बाँस तथा निगालोको फुलदानी, फोटो फ्रेम, कप, टेवुल ल्याम्प स्टेण्ड लगायत सामाग्री ग्रामीण भेगमा चल्तीमा छन् । अधिकांश दलित, भूमिहीन सुकुम्बासी परिवारको जीविकोपार्जनको आधार बाँस व्यापार र बाँसजन्य सामाग्री बनेको छ । तराईका दलित डोम समुदायको पुर्ख्यौली पेशा बाँसजन्य सामाग्रीको बिक्री वितरण हो । तर डोम समुदायको सिको गर्दै दलित सार्की परिवारसँगै मुसहर लगायत पछिल्लो पटक भूमिहीन सुकुम्बासी परिवारको जीविकोपार्जनको मूख्य आधार बाँसजन्य सामाग्रीको उत्पादन र बिक्री वितरण बनेको छ ।

सिरहाका हरेक दलित र भूमिहीन सुकुम्बासी बस्तीमा घरलौरी बाँसजन्य सामाग्री उत्पादनमा उनीहरू तल्लीन भेटिन्छन् । तर सरोकारवाला निकायले यसको व्यावसायिक र बजारीकरणमा ध्यान दिन नसक्दा यो गुजारा चलाउने माध्यम मात्र बनेको छ । जिल्ला घरेलु तथा साना उद्योग कार्यालय लहान अन्तर्गत लघु उद्यम विकास कार्यक्रमको तथ्यांक अनुसार वन पैदावरमा आधारित बाँसका सामग्री उत्पादन र बिक्री वितरणमा ३ सय ४० परिवार संलग्न छन् । यो तथ्यांक घरेलुले तालिम दिएर उत्पादनमा संलग्न गराएका परिवारमात्र हुन । त्यसबाहेक जिल्लामा हरेक संघसंस्थाले यस्ताखाले सीपमूलक तालिम दिंदै आएका छन् । अधिकांश पूर्ख्यौली पेशाका रूपमा बाँसजन्य सामाग्रीमा संलग्न छन् ।

कृषकबाट बाँस किनेर बयलगाडामा ग्रामीण र बजार क्षेत्रमा डुलाएर बिक्री गरी सिरहा सखुवानन्कारकट्टी–३ पनडुब्बीका ४५ वर्षीय रामसेवक यादव बाँस व्यापार गर्छन । २ कठा मात्र जग्गा जमीन भएका रामसेवक जनमजदुरीमा खटी गुजारा चलाउन समस्या भएपछि बाँस व्यापारतर्फ लागेका हुन । 'आम्दानी राम्रै छ' उनले भने 'अब त बाूस पाउनै कठिन भो ।' रामसेवक मात्र होइन जिल्लामा ४८ परिवार बाँस व्यापारमा संलग्न छन् ।

१० वर्ष जत्तिको हुँदा नाङ्लो बनाउन सुरू गरेका सिरहा कालाबन्जरका ६६ वर्षीय उत्तिमलाल माझीको जीवन बाँसको सामग्र बनाएर नै बित्यो । । हुन त १५ कठामात्र जग्गाले वर्षभरि गुजारा चलाउन धौं धौं हुनेभएकाले पनि पूर्ख्यौली पेशा गर्न बाध्यता थियो । बाजे बिकाउदेखि बुवा बिलटसमेत नाङ्लो बनाएरै बित्ते । बुद्यौलीमा यही नाङ्लोसँग पैठेजोरी गरेर उत्तिमलालको जीवन चल्यो ।

आठाना पैसादेखि नाङ्लो बनाएर बिक्री गर्न सुरू गरेका उत्तिमलालको दुई पुस्ताले यही नाङ्लोले गुजारा चलाए । उनको पुस्ता पनि यसैले धान्यो । तर, गरिबी र अभाव ज्यूँका त्यूँ रह्यो । ती बस्तीका युवा युवतीदेखि वृद्धवृद्धासम्म बाँसका सामाग्री बनाईरहेका भेटिन्छन् ।

हातमा सीप भए पैसा कमाउन विदेशिनुपर्छ भन्ने छैन । स्वदेशमै बसेर व्यवसाय गरी राम्रै आम्दानी लिन सकिन्छ । यही कुरा पुष्टि गरेका छन् सिरहा गुदिगाउँका काले सार्कीले ।

आफ्नै घरमा बाँस, निगालोको सामान निर्माणको काम सञ्चालन गर्दै आइरहेका काले भन्छन 'वर्षौदेखि बाँस, निगालोको काम गर्दै आइरहेको छु । सिक्ने काम कहिल्यै सकिन्दैन । बाँस तथा निगालोको फुलदानी, फोटो फ्रेम, कप, टेबुल ल्याम्प स्टेण्ड लगायत ग्रामीण भेगमा घरायसी काममा प्रयोग हुने नाङ्लो, चाल्नो, ढकी, डोको, टोकरी समेत बनाउँन सकिने उनले सुनाए ।

जिल्लाको उत्तरवर्ती चूरे क्षेत्रमा बाँस र निगाला प्रशस्त पाइने भएकाले रोजगारीका लागि उपयोगी माध्यम बन्ने गरेको छ । सिरहाको गुदिगाउँ, असनाहा, बलानसेर, कालाबन्जर, फूलबरीया लगायत क्षेत्रमा बाँसजन्य सामाग्री उत्पादन र बिक्री वितरणमा दलित भूमिहीन सुकुम्बासी परिवार सक्रिय रहेकाले कृषकहरूले बाँसको व्यावसायिक खेती गर्न आवश्यक रहेको यसमा संलग्नहरू सुझाउँछन् ।

# स्थानीय तहमा नागरिक संलग्नता देखावटी मात्र कि साँच्चिकैं ?

**पालिका बहस**

**श्यामप्रसाद मैनाली**



लोकतन्त्रले जनतालाई देशको शासन प्रक्रियामा समावेश गर्नसक्नुपर्दछ । लोकतन्त्रको सुदृढीकरण र स्वीकार्यता जनताबाट प्राप्त हुने मान्यतामा निर्भर रहन्छ । आजको विश्व जनतालाई नै केन्द्रविन्दुमा राखी लोकतान्त्रिक शासन गरिराखेको छ । नागरिक संलग्नताको विषय सापेक्षिक भएकाले यो अमुक देशको परिस्थिति अनुसार यसको अर्थ र उपयोग पनि पृथक् हुने गर्दछ ।

जनपरिचालन र संलग्नताको सम्बन्धमा शासकीय शक्ति र अधिकारको विकेन्द्रीकरण, पारदर्शिता, लोकतान्त्रिक मूल्य र मान्यताको अवलम्बन, नागरिक समाजको क्रियाशीलता, विकासका प्राथमिकताका क्षेत्रहरु, जवाफदेहिता आदिलाई यसको आधारस्तम्भका रुपमा लिने गरिआएको छ ।

जनताको संलग्नतालाई मूर्त रुप दिने गरि कानुनी ढाँचा, देशले निर्धारण गरेको नीतिहरु र विभिन्न कार्यक्रमहरु जनमैत्री हिसाबले कार्यान्वयनमा लगिएको हुनुपर्दछ । स्थानीय स्तरमा हुने जुनसुकै पनि विकास निर्माणका कार्यहरुमा जनतालाई संलग्न गराउने कानुनी व्यवस्था र संरचनात्मक प्रबन्ध औपचारिक रुपमा मिलाई सोहीअनुरुप कुनै सम्झौता नगरी कार्यान्वयनमा लगिएको हुनुपर्दछ । नागरिकको अर्थ र परिभाषा कहिलेकाहीँ अमुक देशका नागरिकलाई मात्र सम्बोधन गर्नेगरि संकुचन गरेको अवस्था पनि देख्न सकिन्छ । तर यसमा त्यस देशका नागरिक, आप्रवासीहरु र शरणार्थीहरु समेत समेट्नुपर्दछ । यो मानवीय विषय हो, विश्वको जुनसुकै स्थानमा रहेका मानवलाई मानवोचित व्यवहार गर्दै उनीहरुलाई अधिकार सम्पन्न बनाउनुपर्दछ ।

त्यसैले नागरिक संलग्नताको विषय राष्ट्रिय सिमानाभन्दा बाहिर गई मानवअधिकारका सर्वमान्य सिद्धान्तलाई आत्मसात गरेको हुनुपर्दछ । अर्को शब्दमा, सबै देशवासीहरु (नागरिकहरु, आप्रवासीहरु र शरणार्थीहरु) सबैलाई राष्ट्रनिर्माणको प्रक्रियामा मूलप्रवाहीकरण गर्दै अधिकारसम्पन्न बनाउनुपर्ने मान्यता राखिन्छ । यसको मुख्य लक्ष्य नै सेवाप्रवाहमा उल्लेख्य सुधार ल्याउनु हो । स्थानीय तहमा रहेका सर्वसाधारण जनताले उनीहरुका नाममा सञ्चालनमा ल्याइएका सेवाहरुलाई स्वीकार मात्र गरेर बस्ने होइन, आफ्ना आवश्यकताहरुको पहिचान गरी सोहीअनुरुपका योजना, आयोजना र कार्यक्रमहरु तय गरि आफ्नै संलग्नतामा कार्यान्वयनमा लैजाने र यसरी कार्यान्वयनमा जाँदै गर्दा सेवा प्रदायकहरु, संलग्न भएका विभिन्न निकायहरु एवं पदाधिकारीहरुको अनुगमन र नियमन गरि सेवाको गुणस्तरको पहिचान गरी त्यसलाई सुधार गर्न गराउन लागिपर्नुपर्दछ ।

यसका लागि आवश्यक परे दबाबसमेत दिन तत्पर हुनुपर्दछ र यसका लागि जनता अधिकार सम्पन्न हुनैपर्दछ । त्यसैले नागरिक शब्दलाई उपयोगकर्ता, प्रयोगकर्ता, राज्यबाट उपलब्ध सेवाहरुको छनौटकर्ता आफ्ना लागि आवश्यक जनप्रतिनिधिहरुको निर्वाचनकर्ता एवं कानुनी अधिकारको अभ्यासकर्ता आदिका हिसाबले सुविधाप्राप्त गर्ने समूहका रुपमा लिनुपर्दछ । यथार्थतामा नागरिकहरुलाई राष्ट्रनिर्माण प्रक्रियामा मूलप्रवाहीकरण गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक – सबै प्रकारका अधिकारहरु निर्बाध रुपमा उपयोग गर्ने अवस्थाको सृजना गर्नु नै नागरिक संलग्नता हो । यसरी नागरिकहरुलाई अधिकारले सुसज्जित बनाई औपचारिक संरचना र कानुनद्वारा सुसज्जित बनाउने मात्र होइन, अनौपचारिक अदालतहरु जस्तै स्थानीय मामिलाहरुका बारेमा स्थानीय तहमा नै उपयुक्त र शीघ्र न्याय दिने परिपाटीको निरन्तरताका साथै सरकारभन्दा बाहिर रहेका विभिन्न प्रकारका सामाजिक संस्थाहरुको प्रभावकारी परिचालन हुनु जरुरी छ ।

गुणस्तरयुक्त नागरिक संलग्नताको प्रत्याभूतिका लागि स्थानीय स्तरका औपचारिक र अनौपचारिक संरचना एवं सर्वसाधारण जनताको राज्यशक्तिसँग सीधा सम्पर्क स्थापित हुनुका साथै प्रभावित गर्नसक्ने अवस्थामा राखिँदा मात्र यसले मूर्त रुप लिन सक्दछ । त्यसैले नागरिक संलग्नताको विषय अत्यन्त जटिल र पेचिलो बन्दै गएको छ ।

आधुनिक लोकतन्त्र प्रतिनिधिमूलक मात्र हुँदैन, यसैमा सीमित हुन पुगेमा लोकतन्त्र नै अपूर्ण बन्दछ । नागरिकलाई सहभागी मात्र गराउने होइन, उनीहरु संलग्न भएका क्षेत्रहरुका सम्बन्धमा जवाफदेहिता वहन गर्नैपर्ने बाध्यात्मक व्यवस्था कानुनतः सृजना गर्नुपर्दछ । देशको राजनीतिक अवस्था, राज्य र समाजबीचको औपचारिक र अनौपचारिक सम्बन्ध, सामाजिक र आर्थिक असमानताको स्थिति, नागरिक समाजको क्षमता र क्रियाशीलता, अन्तर्राष्ट्रिय स्तरको राजनीतिक र आर्थिक पक्षमा परिराखेको प्रभाव, निर्णय र नीतिनिर्माणमा जनताले पार्नसक्ने प्रभाव, गरीब र सीमान्तीकृत जनताको आवाज मुखरित हुने स्थिति, जनविरोधका कार्यक्रमहरुको गम्भीरतापूर्वक सम्बोधन, राज्यले प्रदान गरेका मञ्चहरु, विधायन, गैसस, सामाजिक अभियन्ताहरुको सक्रियता, समानान्तर सरकारी संयन्त्रहरुको निर्माण र प्रयोग, अनौपचारिक क्रियाकलापहरु आदिको समुच्चय प्रभावकारी परिचालन, उपयोग र जनतालाई सम्मानपूर्वक परिचालन मात्र होइन, अधिकारसम्पन्न बनाई नागरिकहरु नै जवाफदेही हुने विधिसम्मत व्यवस्था प्रस्ट रुपमा मिलाइनुपर्दछ ।

यसले गर्दा जवाफदेहिता वहन नगर्ने परिस्थिति निर्माण भएमा जनस्तरबाटै पुनः दबाब दिने र ठीक अवस्था वा मार्गमा हिँडाउने व्यवस्था गर्न सकियोस् । आफ्ना कर्तव्यबाट दिग्भ्रमित र विचलित भएकालाई जनताबाटै दण्डित हुने परिस्थिति साथै कानुनी हिसाबले नियन्त्रण गर्न पनि जनता सबल हुनुपर्दछ । त्यसैले आधुनिक लोकतन्त्र प्रतिनिधिमूलक मात्र हुँदैन, यसैमा सीमित हुन पुगेमा लोकतन्त्र नै अपूर्ण बन्दछ ।

आधुनिक लोकतन्त्रमा समावेशी र सहभागितामूलक चरित्र हुनैपर्दछ भन्ने आत्मसात विश्वका प्रायः सबै लोकतान्त्रिक समाजमा मान्यता प्राप्त गरिराखेको छ । यस्तो जवाफदेहितालाई प्रभावकारी बनाउने केही सर्वमान्य शर्तहरु आधुनिक विश्वले प्रयोगमा ल्याइराखेको छ । अबको सहभागितामा संस्थागत प्रबन्धको विकल्प हुन सक्दैन । राज्यका संरचनाहरुमा स्थानीय तहका जनतालाई अधिकारसम्पन्न बनाई कार्य गर्न कानुनी मान्यताप्राप्त संस्थागत हैसियत कायम गरिनुपर्दछ । अनौपचारिक घोषणा र वक्तव्यबाजीबाट अर्थपूर्ण नागरिक संलग्नताको सम्भावना अत्यन्त कमजोर हुन्छ । आवधिक निर्वाचनद्वारा जनताप्रति निष्ठावान नबन्ने प्रतिनिधिहरुलाई विस्थापित गर्न वा प्रत्याह्वान गर्नसक्ने सशक्त अधिकार जनतामा निहित हुनुपर्दछ । यसको प्रयोग विकसित देशहरुमा निरपेक्ष लोकतन्त्र वा निर्वाचित अवधिअघि नै प्रतिनिधिहरुको कार्य सन्तोषजनक नभएमा प्रत्याह्वान गर्नसक्ने व्यवस्थासमेत प्रयोगमा आइराखेको छ ।

राज्य संयन्त्र उपयुक्त हिसाबले अघि नबढेमा त्यसको सशक्त प्रतिवाद, प्रतिरोध र विरोध गर्ने, सडकमा प्रदर्शन गरि दबाब सृजना गर्ने अधिकार हुनुपर्दछ । सञ्चार जगत् अत्यन्त सबल, निष्पक्ष, खोजमूलक, जिम्मेवार र प्रभावकारी हुनुपर्दछ । सत्यतथ्य समाचार सम्प्रेषण गर्न प्रोत्साहित हुने वातावरण राज्यले निर्माण गर्नुपर्दछ । पीतपत्रकारिताबाट ग्रस्त सञ्चारमाध्यमका सञ्चालकहरुलाई शीघ्र कडाभन्दा कडा कारवाही गरिनुपर्दछ । यस सम्बन्धमा विभिन्न लोकतान्त्रिक देशहरुमा संस्था खारेज गर्नेदेखि कडा कारावासको सजाय दिनेसम्मको व्यवस्था मिलाइएको छ । यस्तो जवाफदेहिताको वहन जनमुखी संरचना, संस्था र मञ्चहरुले राजनीतिक र सामाजिक दुवै प्रकारको जवाफदेहिता वहन गर्नुपर्दछ । यसरी जवाफदेहिता वहन गराउँदा कुन क्षेत्र कमजोर र सबल देखियो भन्ने विषय उल्लिखित पहलकदमीका आयाम र स्तर, जवाफ दिने बाध्यात्मक परिस्थितिको सिर्जना, उत्तरदायित्व वहन गर्ने अवस्था, कार्यान्वयनको प्रभावकारिताको अवस्थाका आधारमा निर्क्यौल गर्ने वस्तुगत आधारहरु तयार पारिएको हुन्छ ।

संघसंस्था खोल्ने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई संवैधानिक प्रत्याभूति प्रदान गर्ने, माग र आपूर्तिबीचको सन्तुलन मिलाउने सम्बन्धमा राजनीतिक सक्षमता र क्रियाशीलताको प्रदर्शन व्यवहारमा नै हुनुपर्ने, कानुनी व्यवस्था एवं ढाँचा, राजनीतिक प्रतिनिधित्व र सरकारी संयन्त्रको समुचित व्यवस्था गर्दै जनताको क्रियाशीलता र क्षमताको विकास गर्नु अपरिहार्य छ ।

नागरिकलाई संलग्न गराउँदै अघि बढ्ने प्रक्रिया सहज देखिँदैन । परिवर्तनका वाहककहरुमा थोरै मात्र क्रियाशीलता कम हुँदा यो प्रभावित बन्दछ । नागरिक समाजलगायत परिवर्तनका वाहककहरुले बोकेका मूल्यमान्यता, राजनीतिक आस्था, आदर्श, व्यक्तिगत महत्वाकांक्षा आदिका कारणले यो विषय नकारात्मक रुपमा प्रभावित भइराखेको दृष्टान्तहरु प्रशस्त मात्रामा सबै प्रकारका समाजहरुमा देख्न सकिन्छ । स्थानीय तहमा क्रियाशीलता दिने यस्ता संस्थाहरु समूहहरु आदिमा नीतिनिर्माण गर्ने र निर्णय लिने समयमा प्रभाव पार्नसक्ने क्षमताको कमी पाइन्छ ।

प्रायः नागरिक समाजको प्रयोग अपवादबाहेक सबै प्रकारको समाजमा सरकार र जनताका बीच मध्यमार्गी भूमिका निर्वाह गर्नुमा सीमित गरिएको हुन्छ । तर नागरिक समाजले यसभन्दा माथि उठी सशक्त भूमिका र जवाफदेहिता वहन गर्नसक्नु पर्ने हो, सोहीअनुरुप राज्यले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्नेमा यस प्रकारको अभ्यास बिरलै मात्र पाइएको छ ।

नागरिक संलग्नताको विषय लोकतन्त्रमा आधारित हुने भएकाले साम्यवाद, तानाशाहीतन्त्र, सर्वसत्तावाद अवलम्बन गरिएका देशहरुमा यसको कल्पना गर्न सकिँदैन । लोकतान्त्रिक शासन व्यवस्था भएका देशहरुमा पनि एकात्मक शासन र संघीय शासन व्यवस्था दुवैमा जनताको अत्यधिक सहभागिताको प्रत्याभूति गराई जनतालाई सशक्त गराइआएको देखिन्छ । यी दुवै लोकतान्त्रिक व्यवस्थामा जनसहभागिताको र संलग्नताको सुनिश्चितता हुनसक्दछ । तर अमुक देशले बोकेको राजनीतिक संस्कार, जनचेतनाको स्तरबाट यसको निर्धारण हुनेगरेको छ । यसलाई सुसञ्चालन गराउने सम्बन्धमा चारवटा प्रस्थानविन्दुहरु जस्तै उपलब्ध सेवाको प्रकार र गुणस्तरको बारेमा निरन्तर रुपमा सूचना प्राप्त हुने व्यवस्था मिलाउने, जनताद्वारा सेवाप्रदायक निकाय र पदाधिकारीहरुको नियन्त्रण र अनुगमनमा कुनै पनि प्रकारको सम्झदारी नगर्ने, जनताका गुनासाहरुलाई यथासमयमा सम्बोधन गर्ने र सेवाको गुणस्तरमा सुधार ल्याउने प्रयोजनको लागि गरिने विरोध कार्यक्रमहरुका लागि राज्यले नै कानुनी मान्यता दिई प्रोत्साहित गर्नुपर्ने रहेका छन् ।

सारांशमा भन्नुपर्दा, संघसंस्था खोल्ने स्वतन्त्रता, अभिव्यक्तिको स्वतन्त्रता र प्रेस स्वतन्त्रतालाई संवैधानिक प्रत्याभूति प्रदान गर्ने, माग र आपूर्तिबीचको सन्तुलन मिलाउने सम्बन्धमा राजनीतिक सक्षमता र क्रियाशीलताको प्रदर्शन व्यवहारमा नै हुनुपर्ने, कानुनी व्यवस्था एवं ढाँचा, राजनीतिक प्रतिनिधित्व र सरकारी संयन्त्रको समुचित व्यवस्था गर्दै जनताको क्रियाशीलता र क्षमताको विकास गर्नु अपरिहार्य छ । यी सबै व्यवस्था गर्ने क्रियाशीलता र उत्साह देशको लोकतान्त्रिक राजनीतिमा हुनु जरुरी छ । अन्यथा, नागरिक संलग्नताको विषय सिद्धान्तमा मात्र सीमित हुनेछ । *लोकान्तरबाट*

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**नवराजपुर गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)